कचनकवल गाउँपालिका
Kachankawal Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
(Office Of The Rural Municipal Executive)
बनियानी, झापा
Baniyani, Jhapa

पत्र संख्या(Ref. No): २०८२/०८३ ( पशुपन्छी तथा मत्स्य विकास शाखा )

चलानी नं. (Ref. No) २११

कोशी प्रदेश, नेपाल
(Koshi Province, Nepal)

मिति २०८२/०४/३० गते
ने.सं :- ११४५,गुँलागा,सप्तमी,शुक्रबार

श्री वडा कार्यालयहरु सबै (१-७ सम्म)

कचनकवल गाँउपालिका, झापा

बिषय :- सूचना टाँस गरि दिने सम्वन्धमा ।

प्रस्तुत बिषयमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र भद्रपुर झापाको च.नं ८१ मिति २०८२/०४/२९ गते प्राप्त पत्रानुसार पशपन्छी सम्बद्ध प्राकृतिक प्रकोप/विपदजन्य क्षतिको राहत विवरण, जै घाँसको बीउ मागको लागि आवेदन पेश गर्ने र विभिन्न स्थलगत सेवा दिने कार्यक्रमहरुको सूचना तहाँ वडा कार्यालयमा सूचना टाँस गरि आवश्यक जानकारी तथा सहजिकरण गरिदिनुहुन अनुरोध छ ।

स्काई पोखेल
प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार
उद्योग,कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा
कोशी प्रदेश, झापा, नेपाल

प.सं. ०८२/८३
च.नं.

मितिः२०८२/०४/२९
ने.स. ११४५ गुंलागा ६ बिहीबार

# पशुपन्छी सम्बद्ध प्राकृतिक प्रकोप/ विपदजन्य क्षतिको राहत वितरण कार्यक्रमको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

*प्रथम पटक प्रकाशित मितिः २०८२/०४/२९*
*प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८२/०५/२७*

यस कार्यालयको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पशुपन्छी सम्बद्ध प्राकृतिक प्रकोप/विपदजन्य क्षतिको राहात वितरणको लागि तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी ३० (तीस) दिन अर्थात मिति २०८२/०५/२७ भित्र आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

प्राप्त आवेदनको आधारमा पशुपन्छी तथा मत्स्यधन क्षतिको मूल्याङ्कन गरी नेपाल सरकारबाट जारी जारी विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ उपदफा (१) बमोजिम जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयबाट विनियोजित बजेटको परिधिभित्र रही राहत वितरण गरिनेछ ।

थप जानकारीका लागिः कार्यालयको फोन नं. ०२३-५२३०८७/५२४१६१ वा मोबाइल नं ९८५२६७१३९० मा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

## क. आवेदनसाथ संलग्न हुनुपर्ने कागजातहरु

१. क्षतिको विवरण सहित राहात मागको निवेदन
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
३. सम्बन्धित वडा कार्यालयको क्षति मूल्याङ्कन सहितको सिफारिस पत्र
४. सम्बन्धित स्थानीय तह, पशु सेवा शाखाको सिफारिस पत्र
५. क्षति विवरण खुलाइएको प्रहरी सुचुल्का
६. क्षतिको विवरण खुल्ने रङ्गीन फोटोहरु
७. आवेदक छनौटको सूचना पश्चात चेकबुकको प्रतिलिपी र स्थायी लेखा नं पेश गर्नु पर्नेछ ।

श्री पशु शाखा
सबै वडा कार्यालय तथा पालिकाको facebook page मार्फत प्रचार गरिदिनु

## ख. आवेदन पेश गर्ने स्थानः

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा ।

२०८२/०४/२९
शितल भट्टराई
कार्यालय प्रमुख

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा
कोशी प्रदेश, झापा, नेपाल

प.सं. ०८२/८३
च.नं.

मिति:२०८२/०४/२९
ने.स. ११४५ गुंलाया ६ बिहीबार

## जै घाँसको बीउ मागको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

*प्रथम पटक प्रकाशित मितिः २०८२/०४/२९*
*प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८२/०५/१२*

यस कार्यालयको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहायको कार्यक्रम कार्यान्वयनका लगि जिल्लाका इच्छुक व्यवसायिक पशुपन्छी फार्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन अर्थात मिति २०८२/०५/१२ सम्म कार्यालय समय भित्र तोकिएको ढाँचामा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु दर्ता गरिने छैन ।

थप जानकारीका लागिः कार्यालयको फोन नं. ०२३-५२३०८७/५२४१६१ वा मोबाइल नं ९८५२६७१३९० मा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

### क. कार्यक्रमको विवरणः

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | उपलब्ध हुने अधिकतम अनुदान प्रतिशत | प्रसताव पेश गर्न सक्ने साझेदारहरु | उपलब्ध हुन सक्ने घाँसको बीउ |
|---|---|---|---|---|---|---|
| १ | हिउँदे/वर्षे/बहुवर्षीय घाँसको बीउ/बेर्ना/सेट्स वितरण | पटक | १ | कुल लागतको शत प्रतिशत | व्यवसायिक पशुपन्छी फार्म | जै घाँसको बीउ |

### ख. प्रस्तावसाथ संलग्न गर्नुपर्ने कागजातहरुः

| | |
|---|---|
| १ | रु.१० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन पत्र |
| २ | व्यक्तिगत फर्मको हकमा रु.१०० तथा संस्थागत आवेदनको हकमा रु.२०० तिरेको राजश्व रसिद |
| ३ | आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि |
| ४ | फर्म दर्ता, नवीकरणका कागजातहरु, स्थायी लेखा नं. र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि |
| ५ | सम्बन्धित स्थानीय तह पशु सेवा शाखाको सिफारिस |
| ६ | घाँस खेती गरिने जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपी |

### ग. आवेदन पेश गर्ने स्थानः

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा ।

२०८२/०४/२९
शितल भट्टराई
कार्यालय प्रमुख

प्रदेश सरकार

उद्योग,कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा

कोशी प्रदेश, झापा, नेपाल

प.सं. ०८२/८३
च.नं.

मिति:२०८२/०४/२६
ने.स. ११४५ गुंलागा २ सोमबार

**विषयः कार्यक्रम मागका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

यस कार्यालयको लागि आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहायका कार्यक्रम कार्यान्वयनका लागि झापा जिल्लाका पालिका एवं इच्छुक व्यवसायिक पशु तथा मत्स्य फर्म, समूह, समिति, सहकारी तथा कृषकहरुले उल्लेखित कागजातहरु संलग्न गरी तोकिएको ढाँचामा आवेदन पेश गर्नु हुन आव्हान गरिन्छ ।

प्राप्त आवेदनहरुको आधारमा आवश्यकता हेरेर क्षेत्रगत हिसाबले प्राथमिकीकरण गरी पशुपन्छी प्रसार कार्यक्रम सञ्चालन नर्मस, २०७९ बमोजिम कार्यक्रम सञ्चालन गरिनेछ ।

थप जानकारीका लागिः कार्यालयको फोन नं. ०२३-५२३०८७/५२४१६१ वा मोबाइल नं ९८५२६७१३९० मा सम्पर्क गर्नु हुन सूचित गरिन्छ ।

## १. कार्यक्रमको विवरण

| सि.नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु | उपलब्ध हुने सेवाहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | व्यवसायिक पशु फार्महरुमा एकीकृत घुम्ती विशेषज्ञ पशु स्वास्थ्य सेवा कार्यक्रम | पटक | ४ | व्यवसायिक पशु फार्म, समूह, सहकारी | स्थलगत परामर्श तथा उपचार सेवा | बाँझोपन, उल्टने समस्या तथा विशेषज्ञ आवश्यक भएकोमा मात्र |
| २ | व्यवसायिक मत्स्य फार्महरुमा स्थलगत मत्स्य उपचार तथा प्राविधिक परामर्श सेवा | पटक | ३ | व्यवसायिक मत्स्य फार्म | मत्स्य पोखरीको पानी जाँच तथा स्थलगत परामर्श सेवा | |
| ३ | पशुपन्छी रोग नियन्त्रण कार्यक्रम (थुनेलो लगायत अन्य संक्रामक रोग) | पटक | ४ | पालिका मार्फत | स्थलगत परामर्श तथा उपचार सेवा | Flash reporting गर्नुपर्ने |
| ४ | मत्स्यपालन सम्बन्धी स्थलगत तालिम | पटक | १ | इच्छुक कृषक, कृषक समूह | स्थलगत तालिम | |

## २. प्रस्ताव साथ संलग्न हुनुपर्ने कागजातहरु

| | |
|---|---|
| १ | रु.१० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन पत्र |
| २ | आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि |
| ३ | फर्म दर्ता, नवीकरणका कागजातहरु |
| ४ | स्थायी लेखा नं. र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि |
| ५ | समूह/सहकारीको हकमा समितिको निर्णय |